केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१८/०७०/७१ मिति: २०७०/१०/१४

**“क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०७० को इ.प्रा. निर्देशन नं. ५ को बुँदा नं. ७ (दवाब परीक्षण सम्बन्धी मार्गदर्शन) लाई देहाय बमोजिम संशोधन गरिएको छः-

*“यस बैंकबाट “क” वर्गका बैंक **र राष्ट्रियस्तरका “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्था** स्वयंले तोकिएको दवाब परीक्षण मार्गदर्शन (Stress Testing Guidelines) बमोजिम **नियमित रुपमा** दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्) गर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु पर्नेछ । साथै, सो मार्गदर्शन बमोजिम दवाव परीक्षण गर्ने सन्दर्भमा निम्न बमोजिमको थप व्यवस्था गरिएको छः-*

*(क) **सम्बन्धित संस्थाले** त्रैमासिक वित्तीय विवरणका आधारमा दवाब परीक्षण गरी त्यस्तो परीक्षणको परिणाम बारे संचालक समिति तथा उच्च व्यवस्थापनमा छलफल गर्नुपर्ने छ ।*

*(ख) त्यस्तो दवाब परीक्षणको लागि यस बैंकले तयार गरेको Spreadsheet यस बैंकको **सम्बन्धित** सुपरिवेक्षण विभागको गैरस्थलगत महाशाखामा सम्पर्क राखी लिन सकिनेछ ।*

*(ग) खण्ड (ख) बमोजिमको Spreadsheet मा उल्लिखित दवाब परीक्षणसँग सम्बन्धित तथ्यांक एवं परिणाम हरेक त्रयमास वितेको ३० दिन भित्र **सम्बन्धित** सुपरिवेक्षण विभागको गैरस्थलगत महाशाखामा उपलब्ध गराउनु पर्नेछ ।”*

साथै, निर्देशन नं. ६ को अनूसुची ६.२ (जोखिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था) को काम, कर्तव्य र उत्तरदायित्वको खण्ड (च) लाई देहाय बमोजिम संशोधन गरिएको छः-

*(च) “क” वर्गका बैंक र राष्ट्रियस्तरका **“ख” र “ग”** वर्गका **इजाजतपत्रप्राप्त** संस्थाले नियमित रुपमा दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्) गरी सोको परिणाम माथि छलफल गरी सोका आधारमा भविष्यमा अपनाउनुपर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि संचालक समितिमा सुझाव पेश गर्ने ।*

२. यस बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नं. १६ को बुँदा नं. (७) को उपबुँदा (घ) मा भएको विद्यमान व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छः-

*“(घ) यस बुँदाको खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि इजाजतपत्रप्राप्त “ख” र “ग” वर्गका वित्तीय संस्थाहरुको हकमा “क” वर्गका वाणिज्य बैंकहरुमा ब्याज प्राप्त हुने गरी मागेको बखत फिर्ता पाउने खाता खोली २०७१ आषाढ मसान्तसम्म रकम राख्न सक्ने गरी छुट प्रदान गरिएको छ । यसै गरी इजाजतपत्रप्राप्त “ख” र “ग” वर्गका वित्तीय संस्थाहरुले*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*सोही वर्गका वित्तीय संस्थामा त्यस्तो खाता खोलि राख्न पाउने अवधि २०७१ आषाढ मसान्तसम्म मात्र कायम गरिएको छ ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तीनकुने, काठमाण्डौं ।